परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चीम. प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, वालुवाको अवैध उत्खनन, संकलनमा रोक लगाईएको बारे सूचना

**प्रकाशित मिति २०७७।०६।३०**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७७/०५/१८ मा प्रकाशित सूचना अनुसार त्रमश: **ठेक्का नं.२/IR/२०७७/०७८** (परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला) **र ठेक्का नं.५/IR/२०७७/०७८** (परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला) को ठेक्का श्री **भिमराज कन्सट्रक्सन, जोगबुढा-१२ डडेल्धुरा र श्री दोगडा केदार निर्माण सेवा ललितपुर**,नेपालले कबुल गरेको रकम रु . ८२,७०,०००।- मु.अ.कर बाहेक ( बयासी लाख सत्तरी हजार ) र रु **६,१०,०००।००** मु.अ.कर बाहेक (छ लाख दश हजार मात्र) ठेक्काहरु स्वीकृत भई यस कार्यालय र उक्त फर्महरु बीच मिति २०७७/०६/२८ र २०७७/०६/३० गते सम्झौता समेत भईसकेकोले उक्त ठेक्का सम्झौताामा तोकिएको क्षेत्रभित्र कसैले पनि सम्बन्धित फर्महरुको रसिद, ठेली नकाटी अवैध रुपमा ठेक्का लागेको क्षेत्र वा अन्य क्षेत्रबाट समेत ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन नगर्न हुन सूचित गरिन्छ । कसैले पनि ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क नतिरी/छली (ढुङ्गा, गिट्टी, वालुवा) उठाई लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । यो सूचना विपरीत कसैले पनि अवैध ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र संकलन ओसार पसार गरेको भेटीएमा प्रचलित नियमानुसार कारवाही भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७७।६।३०

तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत